# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज ३० गते, २०८३ साल (अतिरिक्ताङ्क ४९


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८३ सालको अध्यादेश नं. १२

### विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

**<u>प्रस्तावना</u>** : मुलुकको दिगो विकास तथा सम्वृद्धिको लागि ज्ञान, सीप र स्रोतमा आधारित आर्थिक-सामाजिक रूपान्तरण गर्न, वैज्ञानिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनलाई एकीकृत राष्ट्रिय प्रणालीको रूपमा संस्थागत गर्न, सरकार, विश्वविद्यालय, वैज्ञानिक अनुसन्धान संस्था, औद्योगिक व्यवसाय, वित्तीय संस्था तथा अन्तर्राष्ट्रिय साझेदारीमार्फत प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनमैत्री पारिस्थितिकीय प्रणाली विकास गरी लगानी प्रवर्धन गर्न, वैज्ञानिक, प्राविधिक, नवप्रवर्तक, पारम्परिक र मौलिक ज्ञान र सीपको उपयोगबाट प्रविधि र ज्ञानमा आधारित नवप्रवर्तनमुखी अर्थतन्त्र विकास गर्न तथा वैश्विक ज्ञान र अन्तर्राष्ट्रिय सहकार्यलाई राष्ट्रिय विकाससँग आवद्ध गर्न तत्काल आवश्यक भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "विज्ञान, प्रविधि तथा नवप्रवर्तन अध्यादेश, २०८३" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "अनुसन्धान" भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तन, सामाजिक वा आर्थिक क्षेत्रमा नयाँ ज्ञान, तथ्य, विधि, वस्तु वा सेवाको सृजना, परीक्षण वा सुधार गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले त्यसरी अनुसन्धान गर्न गरिने व्यवस्थित खोज, अध्ययन वा अन्वेषणलाई समेत जनाउँछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "अनुसन्धानकर्ता" भन्नाले अनुसन्धान गर्ने व्यक्ति सम्झनुपर्छ।

(ग) "अनुसन्धान नैतिकता (रिसर्च एथिक्स)" भन्नाले अनुसन्धानमा इमान्दारिता, वस्तुनिष्ठता, पारदर्शिता, उत्तरदायित्व, उचित लेखकीय मान्यता (एप्रोप्रिएट अथरसिप), तथ्य तथा अभिलेखको संरक्षण र स्वार्थको द्वन्द्वको व्यवस्थापन सम्झनुपर्छ।

(घ) "अनुसन्धान संस्था" भन्नाले विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान, प्रविधि विकास वा नवप्रवर्तन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित निजी, गैरसरकारी, मुनाफा वितरण नगर्ने संस्था, सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, विश्वविद्यालय वा सोअन्तर्गत स्थापित संस्था सम्झनुपर्छ र सो शव्दले त्यस्ता संस्थाअन्तर्गत स्थापित अनुसन्धान इकाइलाई समेत जनाउँछ।

(ङ) "उत्कृष्टता केन्द्र (सेन्टर अफ एक्सिलेन्स)" भन्नाले दफा २४ बमोजिमको शर्त पूरा गरी केन्द्रबाट आवद्धता प्रमाणपत्रप्राप्त संस्था सम्झनुपर्छ।

(च) "उदीयमान प्रविधि" भन्नाले द्रुत गतिमा विकास भइरहेको, नयाँ वैज्ञानिक वा प्राविधिक वा इन्जिनियरिङ सम्भावना बोकेको तथा विद्यमान नियामकीय संरचनाले पूर्ण रूपमा नसमेटेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कृत्रिम बुद्धिमत्ता, क्वान्टम प्रविधि, जैविक प्रविधि, नानो प्रविधि, अन्तरिक्ष प्रविधि, रोबोटिक्स तथा यस्तै प्रकृतिका अन्य प्रविधि सम्झनुपर्छ।

(छ) "केन्द्र" भन्नाले दफा ८ बमोजिम स्थापना भएको विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्र सम्झनुपर्छ।

(ज) "कोष" भन्नाले दफा १८ बमोजिम स्थापना भएको विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन कोष सम्झनुपर्छ।

(झ) "खुला विज्ञान" भन्नाले सार्वजनिक अनुदानबाट भएको अनुसन्धानको नतिजा, डाटा र प्रकाशनलाई राष्ट्रिय सुरक्षा, गोपनीयता र बौद्धिक सम्पत्ति सम्बन्धी कानूनको अधीनमा रही सर्वसाधारणको पहुँचयोग्य बनाउने अभ्यास सम्झनुपर्छ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ट) "नवप्रवर्तन" भन्नाले नयाँ वा विद्यमान ज्ञान, सोच, विधि, प्रविधि, उत्पादन, सेवा वा प्रक्रियालाई नयाँ वा सुधारिएको रूपमा सृजना, विकास, प्रयोग वा रूपान्तरण गरी आर्थिक, सामाजिक, वातावरणीय वा सार्वजनिक हितका लागि उपयोगी मूल्य वा परिणाम सृजना गर्ने प्रक्रिया वा त्यसबाट प्राप्त उपलब्धि सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) "नियामक निकाय" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित विषयको अनुमति, नवीकरण, निरीक्षण, अनुगमन तथा नियामकीय कारबाही गर्न अधिकारप्राप्त व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ड) "नियामकीय स्यान्डबक्स" भन्नाले मुख्य प्रणाली वा डाटालाई असर नपुग्ने गरी प्रविधिमा आधारित नवप्रवर्तनलाई लक्षित वर्गसमक्ष निश्चित समयावधिका लागि नियामकको सुपरीवेक्षण र निर्धारित परिधिभित्र रही परीक्षण गर्ने वातावरण सम्झनुपर्छ।

(ढ) "परामर्श समिति" भन्नाले दफा ६ बमोजिमको विज्ञान, प्रविधि तथा नवप्रवर्तन विज्ञ परामर्श समिति सम्झनुपर्छ।

(ण) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद् सम्झनुपर्छ।

(त) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा १४ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनुपर्छ।

(थ) "मन्त्रालय" भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ।

(द) "सञ्चालक समिति" भन्नाले दफा ११ बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ध) "स्टार्टअप" भन्नाले नवीन ज्ञान, अन्वेषण, प्रविधि वा व्यावसायिक प्रारूपको प्रयोग गरी वस्तु, सेवा वा प्रक्रियामा सुधार वा नवीनता ल्याई शीघ्र व्यवसाय विस्तार गर्न सकिने उच्च सम्भावना भएको उद्यम वा व्यवसाय सम्झनुपर्छ।

(न) "स्थानीय ज्ञान" भन्नाले स्थानीय समुदाय, आदिवासी जनजाति वा परम्परागत अभ्यासबाट विकसित ज्ञान, सीप र अभ्यास सम्झनुपर्छ।

## परिच्छेद-२

## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

३. **परिषद्को गठन** : (१) विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनको उन्नयन र विकासका लागि नीतिगत, कानूनी, संस्थागत सुधार, प्राथमिकता निर्धारण, समन्वय, सहजीकरण र स्रोत परिचालन सम्बन्धमा नीतिगत मार्गनिर्देश गर्न देहाय बमोजिमको राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद् रहेको छ :-

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री | -अध्यक्ष |
| (ख) | मन्त्री, विज्ञान, प्रविधि तथा नवप्रवर्तन | -उपाध्यक्ष |
| (ग) | मन्त्री, अर्थ | -सदस्य |
| (घ) | मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति | -सदस्य |
| (ङ) | मन्त्री, शिक्षा तथा खेलकुद | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग -सदस्य

(छ) उपाध्यक्षको सिफारिसमा अध्यक्षले मनोनीत गरेको विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रका प्राविधिज्ञ, इन्जिनियर, अनुसन्धानकर्ता, विशेषज्ञ, प्राज्ञ तथा प्रविधि, नवप्रवर्तन, उद्योग, व्यवसाय क्षेत्रमा विशेष अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट कम्तीमा दुई जना महिलासहित छ जना - सदस्य

(ज) सचिव, मन्त्रालय - सदस्य-सचिव

(२) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ।

४. **परिषद्को बैठक सम्बन्धी व्यवस्था** : (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) परिषद्को सदस्य-सचिवले बैठकमा पेस हुने कार्यसूची तयार गरी अध्यक्षको स्वीकृति लिई कम्तीमा तीन दिन अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्यसूची बनाउँदा परामर्श समितिले तयार पारेको प्रतिवेदनका सुझावलाई समेत विचार गर्नु पर्नेछ।

(६) परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७) परिषद्ले आवश्यकता अनुसार विषयगत मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्री र विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित विभिन्न क्षेत्रका अनुसन्धानकर्ता, प्राविधिज्ञ, इन्जिनियर, विशेषज्ञ वा विज्ञान, प्रविधि वा उद्योगको क्षेत्रमा ख्याति वा विशेष अनुभवप्राप्त व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर त्यसरी आमन्त्रित व्यक्तिलाई बैठकमा मत दिने अधिकार हुनेछैन।

(८) परिषद्को बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ। त्यसरी सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यको बहुमतबाट निर्णय हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(९) परिषद्को बैठकको निर्णय छुट्टै पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति र उपस्थित सदस्यले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को अध्यक्षले परिषद्को बैठक आह्वान, बैठकको अध्यक्षता तथा बैठकसम्बन्धी कारबाही सञ्चालन गर्न उपाध्यक्षलाई तोक्न सक्नेछ।

(११) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

५. **परिषद्को काम, कर्तव्य र अधिकार** : यस अध्यादेशमा अन्यत्र लेखिए बाहेक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी राष्ट्रिय नीति, रणनीति, मार्गचित्र तथा अनुसन्धान र नवप्रवर्तनमैत्री प्रणाली विकासका सम्बन्धमा दिशानिर्देश गर्ने,

(ख) मुलुकको आवश्यकताअनुसार विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी कार्यका लागि लगानी जुटाउने,

(ग) केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन गर्ने,

(घ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहजीकरण गर्ने,

(ङ) विज्ञान-प्रविधिसँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग आपसी सहयोग आदान-प्रदानको लागि समन्वय गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) परिषद्ले आफ्नो अधिकार क्षेत्रभित्र रहेका अधिकार सम्बन्धित निकाय तथा अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने, र

(छ) विज्ञान, प्रविधि र नवप्रवर्तनको विकास र उन्नयनका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद-३
## परामर्श समिति र छनौट समिति

६. **विज्ञान, प्रविधि तथा नवप्रवर्तन विज्ञ परामर्श समिति** : (१) परिषद्, मन्त्रालय तथा केन्द्रलाई विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनको क्षेत्रमा राष्ट्रिय तथा प्राविधिक, नीतिगत, क्षेत्रगत, प्राथमिकता, स्रोतका पहिचान र व्यावसायिक योजनाका क्षेत्रमा सुझाव दिन तथा सिफारिस गर्न मन्त्रालयले सम्बन्धित विषय विज्ञ र अनुभवप्राप्त व्यक्तिहरू मध्येबाट कम्तीमा दुईजना महिलासहित परिषद्ले तोकेको सदस्यको संयोजकत्वमा नौ सदस्यीय विज्ञान, प्रविधि तथा नवप्रवर्तन विज्ञ परामर्श समिति गठन गर्नेछ।

(२) परामर्श समितिको सदस्यको नियुक्ति दफा ७ बमोजिमको छनौट समितिको सिफारिसबमोजिम हुनेछ।

(३) परामर्श समितिका सदस्य अवैतनिक हुनेछन्।

(४) परामर्श समितिको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज पुनः अर्को एक पटकको लागि नियुक्त हुन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) परामर्श समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(६) परामर्श समितिका सदस्यले समितिको प्रत्येक काम कारबाहीमा आफ्नो स्वार्थको द्वन्द्व नरहेको स्वघोषणा गर्नु पर्नेछ।

(७) परामर्श समितिले आफ्नो राय तथा सुझाव लिखितरूपमा मन्त्रालयमार्फत पेस गर्नु पर्नेछ र मन्त्रालयले त्यस्ता सुझावहरूमध्ये कानूनबमोजिम गोप्य राख्नुपर्ने विषय बाहेकका सुझाव सार्वजनिक गर्न सक्नेछ।

(८) परामर्श समितिको सदस्यको अन्य योग्यता, काम, कर्तव्य र अधिकार, बैठक सञ्चालन तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(९) परामर्श समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

७. **छनौट समिति** : (१) परामर्श समितिका सदस्यको छनौट तथा सिफारिस गर्न देहायको एक छनौट तथा सिफारिस समिति रहनेछ :-

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष -संयोजक

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त वा विशेष अनुभव हासिल गरेका वैज्ञानिक, विज्ञ, प्राविधिज्ञ वा इन्जिनियरसहितको फरक-फरक विधाका मन्त्रालयले तोकेका चारजना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको छनौट समितिले विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन र सम्बन्धित क्षेत्रका उद्योग, व्यवसाय, अर्थशास्त्र, समाजशास्त्र वा जलवायु परिवर्तन जस्ता विषयका विशेषज्ञ, वैज्ञानिक, प्राविधिज्ञ, इन्जिनियर, प्राज्ञ र प्रविधि उद्यमशीलता क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त वा विशेष अनुभव भएका व्यक्तिहरूको सूचीको अभिलेख (रोष्टर) तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अभिलेखमा समावेश हुन छनौट समितिले इच्छुक व्यक्तिहरू मध्येबाट आवेदन माग गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको छनौट समितिले अभिलेखमा समावेश भएका व्यक्तिहरू मध्येबाट आवश्यक अध्ययन तथा विश्लेषण गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनको उन्नयनमा स्वतन्त्र, वस्तुनिष्ठ तथा तथ्यपरक सल्लाह तथा सुझाव दिनसक्ने व्यक्ति छनौट गरी सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो अभिलेखमा नाम समावेश नभएको कारणले मात्र अन्य उपयुक्त व्यक्तिलाई सिफारिस गर्न बाधा पर्नेछैन।

(६) परामर्श समितिका सदस्यको छनौट तथा सिफारिसका अन्य आधार र प्रक्रिया उपदफा (१) बमोजिमको छनौट समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(७) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषबाट अनुदानप्राप्त गरेको दुई वर्ष पूरा नभएको व्यक्तिलाई परामर्श समितिको सदस्यका लागि सिफारिस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिनेछैन र कार्यकाल समाप्तिपछि निजले दुई वर्षसम्म कोषबाट कुनै पनि अनुदान प्राप्त गर्न सक्नेछैन।

## परिच्छेद-४

## विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रको स्थापना तथा सञ्चालन

८. **केन्द्रको स्थापना** : (१) वैज्ञानिक अनुसन्धान, प्रविधि, प्रणाली, संयन्त्र तथा सञ्जालको निर्माण, विकास र सबलीकरण गर्दै अनुसन्धान र नवप्रवर्तनमैत्री वातावरण सृजना गर्न तथा विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी विविध कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सहजकर्ता र नियामक निकायको भूमिका निर्वाह गर्न मन्त्रालय अन्तर्गत विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्र स्थापना गरिएको छ।

(२) केन्द्रलाई अङ्ग्रेजीमा सेन्टर फर साइन्स, टेक्नोलोजी एण्ड इनोभेसन (कोस्टी) भनिनेछ।

(३) केन्द्रको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकताका आधारमा देशको अन्य स्थानमा केन्द्रको शाखा कार्यालय स्थापना गर्न सकिनेछ।

९. **केन्द्रको काम, कर्तव्य र अधिकार** : केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रमसम्बन्धी-

(१) अनौपचारिक क्षेत्र तथा विद्यालय तहदेखि औपचारिक क्षेत्रका विशिष्ट प्रतिभावान विद्यार्थी, युवा तथा सृजनशील व्यक्ति, नवप्रवर्तक तथा अनुसन्धानकर्ता लक्षित प्रतिभा पहिचान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा प्रष्फुटन, वस्तु तथा सेवाको प्रोटोटाइप तथा प्रडक्ट विकास, बजार र उपभोक्ताको सुझाव सङ्कलन र व्यवसायीकरणको सम्भाव्यता अध्ययनको लागि विशेष अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(२) अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त विदेशी वैज्ञानिक वा गैरआवासीय नेपाली वैज्ञानिक वा प्राविधिज्ञ, इन्जिनियर र अनुसन्धानकर्ता वा नवप्रवर्तकलाई आकर्षण वा प्रोत्साहन गर्न बहु-आयामिक कार्यक्रम सञ्चालन गर्ने,

(३) प्रविधि, नवप्रवर्तन र उद्यमशीलताको लागि कार्यक्रम सञ्चालन गर्ने,

(४) अनुसन्धान तथा नवप्रवर्तनको राष्ट्रिय तथ्याङ्क, सूचक र अभिलेख व्यवस्थापन गर्ने, र

(५) अनुसन्धान परियोजना सञ्चालनका लागि अनुमति दिने।

(ख) सहजीकरण तथा सहकार्यसम्बन्धी-

(१) नेपाल सरकारले निर्धारण गरेको प्राथमिकताका क्षेत्रमा अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तन कार्यका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि वातावरण निर्माण, सहजीकरण तथा अनुगमन गर्ने,

(२) प्रविधि विकास, अनुसन्धान, तथा नवप्रवर्तनबाट सृजित बौद्धिक सम्पत्तिको सुरक्षा तथा व्यवसायीकरणको लागि सम्बन्धित अन्य निकायबाट अनुमतिप्राप्त गर्नको लागि सहजीकरण गर्ने,

(३) प्रविधि विकास, अनुसन्धान, तथा नवप्रवर्तनबाट सृजित वस्तु तथा सेवाको व्यावसायीकरणको लागि लगानीको सहजीकरण गर्ने,

(४) केन्द्रबाट आवद्धता प्राप्त गरेका निजी क्षेत्रमा स्थापना भएका उत्कृष्टता केन्द्र, विशिष्टिकृत अनुसन्धान केन्द्र, नवप्रवर्तन केन्द्र वा एकाइ स्थापना गर्न सहयोग तथा सहजीकरण गर्ने,

(५) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका विषयमा सरोकारवाला निकायसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने, र

(६) प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्रसँग अनुसन्धान, प्रविधि विकास र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नवप्रवर्तनको क्षेत्रमा सहकार्य गर्ने गराउने।

(ग) सिफारिस गर्ने तथा स्वीकृति दिनेसम्बन्धी-

(१) प्रस्ताव मूल्याङ्कन, छनौट तथा स्वीकृत गरी अनुदानका लागि कोषसमक्ष सिफारिस गर्ने,

(२) प्रविधि विकास र नवप्रवर्तनसँग सम्बन्धित वस्तु वा सेवाको प्रोटोटाइप तथा प्रडक्ट विकास गर्नका लागि आवश्यक अनुदानको लागि कोषमा सिफारिस गर्ने,

(३) अनुदान व्यवस्थापन, अनुसन्धान, अनुसन्धान नैतिकता, खुला विज्ञान, स्वार्थको द्वन्द्व, तथ्याङ्क व्यवस्थापन र अनुगमनसम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिका लागि मन्त्रालयसमक्ष पेस गर्ने, र

(४) नेपालभित्र सुविधा उपलब्ध नभएको अनुसन्धानमूलक सेवा आवश्यक भएमा सम्बन्धित नमूना (स्याम्पल) विदेशमा पठाउन तोकिएबमोजिम प्रक्रिया पूरा गरी स्वीकृति दिने।

(घ) अभिलेख राख्ने तथा अद्यावधिक गर्नेसम्बन्धी-

(१) नेपाल सरकार र अन्तर्राष्ट्रिय संस्थाबाट अनुसन्धानकर्ता तथा अनुसन्धान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाले प्राप्त गरेका अनुदानको अभिलेख राख्ने,

(२) विज्ञान-प्रविधिको अनुसन्धान, प्रविधि-उद्यम, इन्क्युबेटर, एक्सेलेरेटर, आविष्कारक, परम्परागत ज्ञान वा सीपमा संलग्न वैज्ञानिक, प्राविधिक, शिल्पी तथा सोसँग सम्बन्धित संस्थाको सूची तयार र अद्यावधिक गर्ने, र

(३) अनुसन्धानकर्ता, नवप्रवर्तक र मेन्टरसम्बन्धी विस्तृत अभिलेख तयार गर्ने।

(ङ) विविध-

(१) स्थापना भएका र नयाँ स्थापना हुने अनुसन्धान पूर्वाधारमा सरोकारवालाको सहज पहुँच सुनिश्चित गर्ने, गराउने,

(२) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित वैज्ञानिक प्रकाशन तथा तथ्याङ्कमा सरोकारवालाको सहज पहुँच विस्तार गर्ने,

(३) अनुसन्धान तथा नवप्रवर्तनका योजनाको नतिजा मूल्याङ्कन, संरक्षण र सम्वर्धन गर्ने, र

(४) मानव स्वास्थ्य, वातावरण सुरक्षा, राष्ट्रिय हितसँग सम्बन्धित विषयमा अनुसन्धान, प्रविधि विकास तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नवप्रवर्तन सम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने, प्रविधि परीक्षण तथा प्रमाणीकरण गर्ने, गराउने।

१०. **प्रस्ताव पेस गर्नसक्ने** : (१) विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा अनुसन्धान गर्न चाहने व्यक्ति वा संस्थाले केन्द्रसमक्ष प्रस्ताव पेस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेस गर्दा अनुसन्धानको विषय वा क्षेत्र खुल्ने गरी आर्थिक प्रस्तावसहित पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पेस भएको प्रस्ताव उपर केन्द्रले सम्बन्धित क्षेत्रका विज्ञबीच समीक्षा गराई प्रस्ताव अगाडि बढाउन उचित देखिएमा आर्थिक अनुदानका लागि सिफारिससाथ कोषमा लेखी पठाउनेछ।

(४) प्रस्ताव पेस गर्ने, मूल्याङ्कन, छनौट, स्वीकृति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

११. **सञ्चालक समिति** : (१) केन्द्रको सञ्चालनका लागि देहायबमोजिमको सञ्चालक समिति रहनेछ :-

(क) परिषद्ले तोकेको विज्ञ सदस्य -अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन संस्थाबाट फरक-फरक विधाको प्रतिनिधित्व हुने गरी वैज्ञानिक, प्राविधिज्ञ, इन्जिनियर, विशेषज्ञ र अनुसन्धानकर्ताहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्येबाट मन्त्रालयले मनोनित गरेको कम्तीमा एकजना महिलासहित चारजना -सदस्य

(ङ) निजी क्षेत्र, प्रविधि-उद्यम वा नवप्रवर्तन क्षेत्रबाट मन्त्रालयले मनोनीत गरेको दुईजना -सदस्य

(च) मन्त्रालयले मनोनयन गरेको कम्तीमा दश वर्ष अनुभव भएको "क" वर्गको चार्टर्ड एकाउण्टेन्ट एकजना -सदस्य

(छ) कानून, सार्वजनिक वित्त वा अनुसन्धान नैतिकता विषयका विशेषज्ञ मध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

(२) उपदफा (१) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः अर्को एक पटकका लागि नियुक्ति हुन सक्नेछ।

(३) प्रमुख कार्यकारी अधिकृतले सञ्चालक समितिको सचिव भई काम गर्नेछ।

(४) सञ्चालक समितिले आवश्यकताअनुसार कुनै विज्ञ वा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यसरी आमन्त्रित व्यक्तिलाई बैठकमा मत दिने अधिकार हुनेछैन।

१२. **<u>सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था</u>** : (१) सञ्चालक समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) सञ्चालक समितिका कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) सञ्चालक समितिको सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगाडि अध्यक्षको निर्देशनअनुसार बैठकको कार्यसूचीसहित सदस्यलाई लिखित सूचना दिनु पर्नेछ। त्यस्तो सूचना विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ।

(४) सञ्चालक समितिका सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरेबमोजिमको बैठक भत्ता तथा यातायात खर्च पाउनेछन्।

(५) बैठक आवश्यकतानुसार श्रव्य-दृश्य (भर्चुअल) माध्यमबाट समेत बस्न सक्नेछ।

(६) बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैंले निर्धारण गर्नेछ।

१३. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>** : यस अध्यादेशमा अन्यत्र लेखिए बाहेक सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) केन्द्रको बहुवर्षीय व्यावसायिक योजना, वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) केन्द्रको काम, कर्तव्य र अधिकार अनुसार कार्य सम्पादन भए नभएको नियमित अनुगमन गर्ने,

(ग) केन्द्रबाट पेस भएका प्रस्तावउपर छलफल गरी आवश्यक निर्णय लिने,

(घ) परिषद्को निर्णय कार्यान्वयन गर्ने,

(ङ) यस अध्यादेशबमोजिम केन्द्रको तर्फबाट गर्नुपर्ने भनी तोकेका र परिषद्ले तोकेका अन्य काम गर्ने।

१४. **प्रमुख कार्यकारी अधिकृत** : (१) केन्द्रको प्रमुख भई प्रशासन तथा व्यवस्थापनको कार्य गर्न, गराउनका लागि केन्द्रमा एक प्रमुख कार्यकारी अधिकृत रहनेछ।

(२) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति खुला प्रतिस्पर्धामार्फत हुनेछ।

१५. **प्रमुख कार्यकारी अधिकृतको नियुक्ति** : (१) प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्तिको लागि उम्मेदवार सिफारिस गर्न देहायको सिफारिस समिति रहनेछ :-

(क) लोकसेवा आयोगको अध्यक्षले तोकेको लोकसेवा आयोगको सदस्य -संयोजक

(ख) दफा ३ को उपदफा (१) को खण्ड (छ) अन्तर्गतका सदस्य मध्येबाट मन्त्रालयले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकेको एकजना -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(२) उपदफा (१) बमोजिम गठित सिफारिस समितिले देहायको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्तिका लागि तीनजना उम्मेदवारको नाम मन्त्रालयसमक्ष सिफारिस गर्नु पर्नेछ :-

(क) विज्ञान, प्रविधि, इन्जिनियरिङ वा नवप्रवर्तनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको, र

(ख) वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा हस्तान्तरण, विज्ञान, प्रविधि तथा नवप्रवर्तन, अनुसन्धान व्यवस्थापन, औद्योगिक व्यवस्थापन वा विज्ञान प्रविधिसँग सम्बन्धित कुनै एक क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको।

(३) उपदफा (२) बमोजिम सिफारिस भएका उम्मेदवारहरू मध्येबाट नेपाल सरकारले प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ।

(४) देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति हुन योग्य हुनेछैन :-

(क) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) बौद्धिक सम्पत्ति चोरी, अनुसन्धान आचारसंहिता उल्लङ्घनको कसुरमा अदालतबाट कसुरदार ठहरिएको,

(ग) विदेशी नागरिक वा कुनै विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको,

(घ) प्रचलित कानूनबमोजिम कालो सूचीमा परेको,

(ङ) जातीय तथा छुवाछुतको भेदभावसम्बन्धी कसुरमा कसुरदार ठहर भएको,

(च) पचपन्न वर्ष उमेर नाघेको, वा

(छ) प्रचलित अन्य कुनै कानूनले अयोग्य भएको।

(५) उपदफा (३) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको पदावधि पाँच वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, केन्द्रको हित वा उद्देश्य विपरीत हुने गरी काम गरेमा वा निजमा खराब आचरण देखिएको स्पष्ट आधार भएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उपदफा (३) बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नभएसम्मको लागि वा नियुक्त भएको प्रमुख कार्यकारी अधिकृत कुनै कारणले पदमा रहनसक्ने अवस्था नभएमा वा अन्य कुनै कारण परी निजले काम कारबाही गर्न नमिल्ने वा नसक्ने भएमा मन्त्रालयले बढीमा तीन महिनाका लागि नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा सो सरहको कर्मचारीलाई केन्द्रको प्रमुख कार्यकारी अधिकृतको रूपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ।

(८) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति, प्रकिया, मूल्याङ्कन विधि, पारिश्रमिक र सेवाका शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१६. **<u>प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार</u>** : यस अध्यादेशमा अन्यत्र लेखिए बाहेक प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) केन्द्रको काम, कर्तव्य र अधिकारको कार्यान्वयनसम्बन्धी-

(१) केन्द्रको कम्तीमा पाँच वर्ष अवधिको रणनीतिक योजना तथा वार्षिक नीति, कार्यक्रम, खरिद योजना र जनशक्ति योजना तर्जुमा गरी सञ्चालक समितिसमक्ष स्वीकृतिका लागि पेस गर्ने र स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने, गराउने,

(२) परिषद्को नीतिगत मार्गनिर्देश, मन्त्रालयको निर्देशन तथा सञ्चालक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने, सोको प्रगति विवरण सञ्चालक समितिसमक्ष नियमित रूपमा पेस गर्ने, गराउने,

(३) केन्द्रलाई तोकिएको काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्ने, गराउने,

(४) अध्यादेश बमोजिमका निर्देशिका, कार्यविधि र मापदण्डको मस्यौदा तयार गरी पेस गर्ने र स्वीकृत भएपछि कार्यान्वयन गर्ने, गराउने, र

(५) आबद्धताको प्रमाणपत्र जारी, नवीकरण, निलम्बन वा खारेज गर्ने तथा उत्कृष्टता केन्द्रको मान्यताका लागि सञ्चालक समितिसमक्ष सिफारिस गर्ने।

(ख) केन्द्रको दैनिक प्रशासन सञ्चालन र व्यवस्थापनसम्बन्धी-

(१) केन्द्रको प्रशासकीय प्रमुखको रूपमा दैनिक प्रशासन सञ्चालन र व्यवस्थापन गरी केन्द्रको तथा आन्तरिक नियन्त्रण गर्ने, गराउने,

(२) केन्द्रमा प्राप्त प्रस्तावको प्रारम्भिक जाँच, स्वार्थको द्वन्द्व परीक्षण तथा विज्ञ समीक्षाको प्रतिवेदनसहितको सिफारिस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालक समितिसमक्ष पेस गर्ने, गराउने,

(३) कर्मचारी, विशेषज्ञ, मेन्टर तथा विज्ञको कार्यविभाजन, सुपरीवेक्षण, क्षमता विकास र कार्यसम्पादन मूल्याङ्कनको व्यवस्था मिलाउने, र

(४) सञ्चालक समितिको अध्यक्षको निर्देशनबमोजिम बैठकको कार्यसूची तयार गरी सूचना दिने, निर्णय अभिलेख गर्ने र निर्णय कार्यान्वयनको अनुगमन गरी बैठकमा प्रतिवेदन पेस गर्ने, गराउने।

(ग) कोषको सञ्चालनसम्बन्धी-

(१) कोषको सञ्चालन गर्ने, आय-व्ययको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखापरीक्षण गराउने र बेरुजु फछ्यौंट गर्ने, गराउने,

(२) कोषको स्रोत साधनका लागि सरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र तथा दातृ निकायहरूसँग समन्वय गर्ने, र

(३) अनुदानग्राहीसँग अनुदान सम्झौता गर्ने, किस्ता निकासा दिने, प्रगति तथा नतिजा प्रतिवेदन माग गर्ने र सर्त उल्लङ्घन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा अनुदान रोक्का, खारेज वा असुल उपर गर्ने, गराउने।

(घ) समन्वय, सहकार्य, सहजीकरण र प्रतिनिधित्वसम्बन्धी-

(१) प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(२) अन्तर्राष्ट्रिय तथा गैरआवासीय नेपाली वैज्ञानिक वा नवप्रवर्तकको संलग्नताका लागि सहजीकरण गर्ने, गराउने,

(३) केन्द्रको तर्फबाट प्रतिनिधित्व गर्ने तथा मुद्दा मामिलामा प्रतिरक्षाको व्यवस्था मिलाउने, र

(४) प्रचलित कानूनको अधीनमा रही केन्द्रको तर्फबाट सम्झौता, समझदारीपत्रमा हस्ताक्षर गर्ने।

(ङ) विविध-

(१) अनुसन्धान नैतिकता, आचारसंहिता, खुला विज्ञान, तथ्याङ्क तथा सूचना सुरक्षा र स्वार्थको द्वन्द्व सम्बन्धी व्यवस्थाको पालना सुनिश्चित गर्ने,

(२) विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी राष्ट्रिय तथ्याङ्क, सूचना तथा डाटाबेस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अद्यावधिक गरी मन्त्रालयलाई उपलब्ध गराउने,

(३) कार्यसम्पादन, वित्तीय विवरण, अनुदान विवरण र नतिजासहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सञ्चालक समितिमार्फत मन्त्रालयसमक्ष पेस गर्ने र सार्वजनिक गर्ने, गराउने, र

(४) परिषद्, मन्त्रालय र सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने, गराउने।

१७. **केन्द्रको विशेषज्ञ, वैज्ञानिक, मेन्टर र कर्मचारी सम्बन्धी व्यवस्था** : (१) केन्द्रमा तोकिएबमोजिम विशेषज्ञ, प्राविधिज्ञ, मेन्टर, अन्य विज्ञ र कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिम केन्द्रलाई आवश्यक प्रशासनिक कर्मचारी नेपाल सरकारले खटाउनेछ।

(३) केन्द्रले आवश्यकतानुसार विशेषज्ञ, प्राविधिज्ञ, इन्जिनियर, मेन्टर तथा अन्य विज्ञ नियुक्त गर्न सक्नेछ।

(४) विशेषज्ञ, प्राविधिज्ञ, इन्जिनियर, मेन्टर तथा अन्य विज्ञको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-५

## कोषको स्थापना तथा सञ्चालन

१८. **कोषको स्थापना** : (१) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी कार्यमा लगानी गर्न मन्त्रालयअन्तर्गत विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन कोष रहनेछ।

(२) कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम,

(ग) रोयल्टी तथा शुल्कबाट प्राप्त रकम,

(घ) अन्तर्राष्ट्रिय सङ्घसंस्था र विकास साझेदारबाट प्राप्त रकम,

(ङ) निजी क्षेत्र, परोपकारी संस्था वा व्यक्तिबाट प्राप्त अनुदान, सहयोग,

(च) कोषको रकमबाट प्राप्त ब्याज, लाभांश, अन्य आय, र

(छ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम प्राप्त हुने रकम, अन्य खर्चका शीर्षक तथा विवरण तोकिएबमोजिम हुनेछ।

(४) उपदफा (२) को खण्ड (घ) बमोजिम रकम प्राप्त गर्दा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(५) कोषमा जम्मा भएको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछैन र सो रकम अर्को आर्थिक वर्षमा समेत खर्च गर्न सकिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न पाइनेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. **<u>कोषको रकम परिचालन हुने क्षेत्र</u>** : (१) कोषको रकम सञ्चालक समितिले निर्धारण गरेको मापदण्डबमोजिम देहायका क्षेत्रमा उपयोग हुन सक्नेछ :-

(क) आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउने आधारभूत तथा व्यावहारिक विज्ञान, प्रविधि सम्बन्धी अनुसन्धान र नवप्रवर्तनका क्षेत्र,

(ख) विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी परियोजनामा अनुसन्धानको लागि अनुदान प्रदान गर्न,

(ग) विज्ञान प्रविधि र नवप्रवर्तनको क्षेत्रका प्रतिभा पहिचान गरी उत्प्रेरणा प्रदान गर्न,

(घ) विषयगत उत्कृष्टता केन्द्रका रूपमा स्थापित संस्थालाई प्रोत्साहनका लागि आवश्यक सहयोग प्रदान गर्न,

(ङ) आविष्कार, अन्वेषण तथा अनुसन्धानबाट विकसित प्रविधि तथा नवप्रवर्तनलाई उद्यममा रूपान्तरण गर्न,

(च) वैज्ञानिक तथा युवालाई विज्ञान प्रविधिमा आधारित उद्यमोदय, उद्यम तथा व्यवसाय बढाउन तोकिएबमोजिम बीउ पूँजी उपलब्ध गराउन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(छ) अनुसन्धानकर्ता र नवप्रवर्तकको ज्ञान, सीप र बौद्धिक सम्पत्ति दर्ता गर्ने व्यवस्था गर्न, वा

(ज) इन्क्युवेशन सेन्टर, मेकर स्पेस, फ्याब्रिकेसन ल्याब तथा अन्य अनुसन्धान संस्थाहरूलाई प्रोत्साहन गर्न।

(२) उपदफा (१) मा उल्लिखित क्षेत्रबाहेक विज्ञान, प्रविधि तथा नवप्रवर्तनका तोकिए बमोजिमका अन्य क्षेत्रमा समेत कोषको रकम परिचालन हुन सक्नेछ।

२०. **कोषको सञ्चालन** : (१) कोषको रकम सञ्चालक समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको इजाजत प्राप्त कुनै बैङ्कमा केन्द्रको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) कोषको खाता सञ्चालन केन्द्रको प्रमुख कार्यकारी अधिकृत र केन्द्रको आर्थिक प्रशासन प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ।

(३) कोषमा प्राप्त अनुदान, सहयोग र अन्य आयको विवरण छुट्टै अभिलेखमा राखिनेछ।

(४) केन्द्रबाट सिफारिस भई आएबमोजिम रकम निकासा, भुक्तानी र कोष सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२१. **लेखा र लेखापरीक्षण** : (१) कोषको आयव्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद-६

## संस्थागत आबद्धता तथा संयन्त्र

२२. **संस्थागत आबद्धताको लागि निवेदन दिनुपर्ने :** (१) विज्ञान, प्रविधि, नवप्रवर्तन वा इन्क्युबेटर तथा एक्सेलेरेटर सम्बन्धी कार्य गर्ने वा अनुसन्धान गर्ने संस्था वा समूहले तोकिएको ढाँचामा आबद्धताको लागि केन्द्रसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा उल्लेख गर्नुपर्ने विवरण र आबद्धता सम्बन्धी अन्य व्यवस्था तथा मापदण्ड तोकिएबमोजिम हुनेछ।

२३. **आबद्धता प्रमाणपत्र** : (१) केन्द्रले दफा २२ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी तोकिएको दस्तुर लिई आबद्धताको प्रमाणपत्र दिन सक्नेछ।

(२) केन्द्रले आबद्धताको प्रमाणपत्र प्राप्त संस्थालाई विज्ञान, प्रविधि विकास, अनुसन्धान तथा नवप्रवर्तनमा आवश्यक सहजीकरण गर्न सक्नेछ।

(३) आबद्धताको प्रमाणपत्र जारी, नवीकरण, खारेजी तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२४. **प्रतिष्ठान, उत्कृष्टता केन्द्र, विशिष्टीकृत अनुसन्धान केन्द्र, अंशङ्कन केन्द्र तथा प्रत्यायन केन्द्र** : (१) नेपाल सरकारले आवश्यकताअनुसार विभिन्न विधाका प्रतिष्ठान, उत्कृष्टता केन्द्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र विशिष्टीकृत अनुसन्धान केन्द्रको स्थापना, संस्थागत पुनर्संरचना र प्राविधिक स्तरोन्नतिजस्ता कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिष्ठान, केन्द्र तथा प्रयोगशाला सम्बन्धी अन्य कार्य तोकिएबमोजिम हुनेछ।

२५. **उत्कृष्टता केन्द्रको रूपमा मान्यता दिन सकिने** : (१) दफा २३ बमोजिम आबद्धता प्राप्त संस्थाले अनुसन्धान वा नवप्रवर्तनको कुनै विषय वा विधामा उत्कृष्टता केन्द्रको रूपमा मान्यता प्राप्त गर्न चाहेमा केन्द्रमा निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम निवेदन दिएको संस्थाले तोकिएबमोजिमको शर्त पूरा गरेको देखिएमा केन्द्रले उत्कृष्टता केन्द्रको रूपमा मान्यता दिनेछ।

(३) उत्कृष्टता केन्द्रको मान्यता दिँदा लाग्ने दस्तुर र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२६. **विज्ञान तथा प्रविधि हब वा नवप्रवर्तन जोन** : नेपाल सरकारले आवश्यकताअनुसार विज्ञान तथा प्रविधि हब स्थापना गरी सञ्चालन गर्न र नवप्रवर्तन जोन घोषणा गर्न सक्नेछ।

## परिच्छेद-७
## बौद्धिक सम्पत्ति तथा प्रविधि हस्तान्तरण

२७. **बौद्धिक सम्पत्तिको अधिकार र लाभको बाँडफाँट** : (१) नेपाल सरकारको अनुदानबाट गरिएको नवप्रवर्तन तथा अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार नवप्रवर्तन तथा अनुसन्धान गर्ने संस्था वा समूहमा रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर नेपाल सरकारको पूर्ण अनुदानमा गरिएको नवप्रवर्तन तथा अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति वा पेटेन्टको सुरु दर्ता नेपालमा नै गर्नुपर्नेछ र नेपालमा दर्ता नगरी अन्यत्र दर्ता गरेको पाइएमा नेपाल सरकारबाट कुनै पनि अनुदान उपलब्ध गराइनेछैन।

(२) जैविक वा आनुवांशिक स्रोत र परम्परागत वा स्थानीय ज्ञानमा आधारित अनुसन्धान गर्दा सम्बन्धित समुदाय वा त्यस्तो ज्ञान वा स्रोत धनीको स्वतन्त्र र पूर्वसूचित सहमति लिनु पर्नेछ।

(३) बौद्धिक सम्पत्तिको स्वामित्व र लाभको बाँडफाँट सम्बन्धमा सम्झौता भएको भए सोहीबमोजिम हुनेछ।

## परिच्छेद-८
## अन्तर्राष्ट्रिय अनुसन्धान संस्था, वैज्ञानिक तथा प्राविधिज्ञहरूसँग सहकार्य

२८. **अन्तर्राष्ट्रिय सहकार्य** : (१) केन्द्रले अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका लागि विज्ञान तथा प्रविधि सम्बन्धी विषयमा कार्यरत अन्तर्राष्ट्रिय संस्था, वैज्ञानिक, प्राविधिज्ञ, इन्जिनियर तथा अन्य सम्बन्धित विज्ञसँग सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) अन्तर्राष्ट्रिय संस्था, वैज्ञानिक, प्राविधिज्ञ र इन्जिनियरसँग संयुक्त अनुसन्धान वा प्रविधि विकास सम्झौता गर्दा सृजित बौद्धिक सम्पत्ति, डाटाको स्वामित्व, पहुँच तथा गोपनीयता, साइबर सुरक्षा, लाभ बाँडफाँट, प्रविधि हस्तान्तरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाशन तथा राष्ट्रिय हितसम्बन्धी न्यूनतम विषय तथा शर्त सम्झौतामा खुलाउनु पर्नेछ।

(४) नेपाल सरकारको अनुदानबाट भएको अनुसन्धानको बौद्धिक सम्पत्ति वा संवेदनशील डाटा विदेशमा कुनै रूपमा हस्तान्तरण गर्नुपर्दा नेपाल सरकारको पूर्वस्वीकृति आवश्यक पर्नेछ।

२९. **विदेशी वैज्ञानिक तथा नवप्रवर्तकलाई संलग्न गराउने** : (१) केन्द्रले अन्तर्राष्ट्रिय वा गैरआवासीय नेपाली वैज्ञानिक, प्राविधिज्ञ, इन्जिनियर र नवप्रवर्तकलाई केन्द्र तथा अनुसन्धान संस्थामा अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनका कार्यमा संलग्न गराउन आवश्यक सहजीकरण तथा समन्वय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वैज्ञानिक, प्राविधिज्ञ, इन्जिनियर र नवप्रवर्तकले केन्द्रले तोकेको शर्त पालना गर्नु पर्नेछ।

३०. **भिसा सिफारिस** : दफा २३ बमोजिम आबद्धता प्राप्त संस्थामा अनुसन्धान वा नवप्रवर्तन सम्बन्धी कार्यमा संलग्न हुने विदेशी तथा नेपाली मूलको विदेशी नागरिकका लागि त्यस्तो अध्ययन, अनुसन्धान, नवप्रवर्तन, स्टार्टअप, विज्ञान तथा प्रविधि विकास अवधिका लागि भिसा उपलब्ध गराउनु पर्ने भएमा आवद्ध संस्थाको अनुरोधमा मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-९

## छुट तथा प्रोत्साहन

३१. **रोयल्टी छुट** : कुनै निजी क्षेत्रबाट विकास भएको प्रविधिको व्यावसायिक उपयोगको सम्बन्धमा नेपाल सरकारले रोयल्टीको दर तथा रोयल्टी छुटको सीमा निर्धारण गर्न सक्नेछ।

३२. **अनुसन्धान तथा प्रविधि विकास कर छुट** : (१) अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनसँग सम्बन्धित संस्थाहरूले प्रोटोटाइप वा नमूना वा न्यूनतम सम्भाव्यता सामग्री (मिनिमम भायबल प्रडक्ट) बनाउन लाग्ने कच्चा पदार्थ वा उपकरण आयातमा कर छुटको लागि मन्त्रालयले नेपाल सरकारको अर्थ मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(२) केन्द्रले आयात सहजीकरणका लागि मन्त्रालयमार्फत सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-१०

## अनुगमन तथा मूल्याङ्कन

३३. **अनुगमन, मूल्याङ्कन तथा निगरानी** : (१) केन्द्रले यस अध्यादेशबमोजिम कार्यान्वयन हुने विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी स्वीकृत योजना तथा कार्यक्रमको प्रक्रिया, नतिजा तथा प्रभावको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्रले प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गरे वा नगरेको विषयमा मन्त्रालयले आवश्यक निगरानी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. **<u>स्वतन्त्र मूल्याङ्कन र वार्षिक प्रतिवेदन</u>** : (१) केन्द्रको कार्यसम्पादन तथा कोष परिचालनको प्रभावकारिताका सम्बन्धमा मन्त्रालयले कम्तीमा प्रत्येक दुई वर्षमा स्वतन्त्र बाह्य मूल्याङ्कन (अडिट) गराउनु पर्नेछ।

(२) केन्द्रले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन मन्त्रालयमार्फत नेपाल सरकारसमक्ष प्रस्तुत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन केन्द्रले सर्वसाधारणको जानकारीको लागि सार्वजनिकरूपमा प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-११

## अनुसन्धान आचारसंहिता तथा जिम्मेवार प्रविधि विकास

३५. **<u>अनुसन्धान तथा प्रविधि विकासमा नैतिक अनुमति लिनुपर्ने</u>** : (१) अनुसन्धानकर्ताले मानव स्वास्थ्य, जैविक स्रोत तथा नमूना, व्यक्तिगत तथ्याङ्क वा अन्य संवेदनशील विषयसँग सम्बन्धित अनुसन्धान तथा प्रविधि विकास गर्दा सम्बन्धित निकायबाट प्रचलित कानूनबमोजिम नैतिक अनुमति प्राप्त गरी केन्द्रसमक्ष पेस गर्नु पर्नेछ।

(२) अनुसन्धान तथा प्रविधि विकासमा नैतिक अनुमति लिनुपर्ने विषयमा मन्त्रालयले सम्बन्धित निकायसँगको समन्वयमा मापदण्ड तर्जुमा गर्नेछ।

(३) कोषबाट अनुदानप्राप्त अनुसन्धानकर्ताले अनुसन्धान नैतिक आचारसंहिता पालना गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. **नियामकीय स्यान्डबक्स स्थापना :** (१) कृत्रिम बुद्धिमत्ता, ड्रोन, स्याटेलाइट, स्पेस स्टेसन, स्वास्थ्य, प्रविधि, जैविक प्रविधि, फिनटेक वा अन्य उदीयमान प्रविधिको जिम्मेवार परीक्षणका लागि सम्बन्धित नियामक निकायसँगको समन्वयमा केन्द्रले मापदण्ड तर्जुमा गरी नियामकीय स्यान्डबक्स स्थापना गर्न सक्नेछ।

(२) नियामकीय स्यान्डबक्सको प्रावधान अनुसार स्वीकृति दिँदा संविधान प्रदत्त मौलिक हकको प्रयोगमा बन्देज वा सङ्कुचन हुने वा मानव-स्वास्थ्य, राष्ट्रिय सुरक्षा तथा वातावरण सुरक्षामा प्रतिकूल असर गर्ने क्रियाकलापमा उन्मुक्ति दिइने छैन।

(३) उपदफा (२) को प्रयोजनको लागि केन्द्रले आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

३७. **अनुसन्धान गर्न नपाइने :** यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्व स्वीकृति बिना मानव स्वास्थ्य, जैविक, वातावरण, सामाजिक हित तथा राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पुग्ने कुनै पनि किसिमका अनुसन्धान गर्न पाइनेछैन।

## परिच्छेद-१२

## कसुर तथा सजाय

३८. **कसुर** : यस अध्यादेशबमोजिम सञ्चालन हुने अनुसन्धान वा अन्य कार्यक्रममा देहाय कार्य गरे वा गराएमा कसुर गरेको मानिनेछ :-

(क) यस अध्यादेश बमोजिमको अनुगमन, मूल्याङ्कन तथा निरीक्षणमा अवरोध सृजना गरे, गराएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कोषको अनुदान रकम उद्देश्य विपरीत खर्च गरे, गराएमा,

(ग) कोषको अनुदान रकम हिनामिना गरे, गराएमा,

(घ) दफा ३७ विपरीतको कार्य गरेमा वा आदिवासी, जनजाति तथा स्थानीय समुदायमा रहेको परम्परागत ज्ञान, सीप, पद्धति र जैविक तथा अनुवांशिक स्रोतमा अनुसन्धान गर्नुपूर्व सम्बन्धित व्यक्ति, संस्था, समुदाय वा निकायको स्वतन्त्र पूर्वसूचित सहमति नलिएमा,

(ङ) अनुसन्धान र नवप्रवर्तन संस्था, अनुसन्धानकर्ता वा नवप्रवर्तकले झुट्टा वा जालसाजीपूर्वक बौद्धिक सम्पत्ति अधिकारका लागि आवेदन दर्ता गरेमा वा बौद्धिक चोरी गरेमा,

(च) किर्ते (फर्जी) डाटा, नतिजा तोडमोड गरी अनुसन्धान आचारसंहिता उल्लङ्घन गरे, गराएमा।

३९. **उजुरी गर्नसक्ने** : (१) दफा ३८ को खण्ड (क), (ख) र (च) मा उल्लिखित कसुरका हकमा केन्द्रमा र खण्ड (ग), (घ) र (ङ) मा उल्लिखित कसुरको हकमा मन्त्रालयमा उजुरी गर्न सकिनेछ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (च) बमोजिम प्राप्त उजुरी उपर केन्द्रले र खण्ड (ग), (घ) र (ङ) बमोजिम प्राप्त उजुरी उपर मन्त्रालयले आवश्यक छानबिन गर्न, गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा यस अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेका नियम विपरीत कार्य भएको पाइएमा दफा ४० बमोजिम सजाय हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम सजाय गर्नुअघि सफाइको मनासिब मौका प्रदान गरिनेछ।

४०. **सजाय** : दफा ३८ बमोजिमको कसुर गर्ने व्यक्ति वा संस्थालाई देहायबमोजिम सजाय हुनेछ :-

(क) खण्ड (क) बमोजिमको कसुर गरे, गराएमा त्यस्तो कसुरदारलाई केन्द्रले पाँच हजार रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई केन्द्रले एक लाख रुपैयाँसम्म जरिबाना र बढीमा पाँच वर्षसम्म यस अध्यादेशबमोजिम अनुदान प्राप्त गर्न अयोग्य हुनेगरी कालो सूचीमा राखी अनुदान रकम सरकारी बाँकी सरह असुलउपर गर्ने,

(ग) खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई मन्त्रालयले हिनामिना भएको रकमको बिगोको दोब्बर रकम असुल उपर गरी बढीमा पाँच वर्षसम्म यस अध्यादेशबमोजिम अनुदान प्राप्त गर्न अयोग्य हुने वा कालो सूचीमा राखी कारबाही गर्ने,

(घ) खण्ड (घ) बमोजिमको कसुर गरे, गराएमा मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थालाई कसुरको मात्रा हेरी पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो अनुसन्धान कार्यलाई तत्काल रोक लगाई अभिलेखमा राख्न लगाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) खण्ड (ङ) बमोजिमको कसुर गरे, गराएमा मन्त्रालयले त्यस्तो संस्थालाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गर्ने र प्रचलित कानूनबमोजिम पीडितलाई क्षतिपूर्ति दिलाउने, वा

(च) खण्ड (च) बमोजिमको कसुर गरे, गराएमा केन्द्रले पच्चीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्ने।

४१. **पुनरावेदन :** दफा ४० बमोजिम भएको सजायउपर चित्त नबुझ्ने पक्षले सो निर्णय प्राप्त भएको मितिले पैंतीस दिनभित्र देहायबमोजिम पुनरावेदन गर्न सक्नेछ :-

(क) खण्ड (क), (ख) र (च) बमोजिम केन्द्रले गरेको सजायउपर सम्बन्धित जिल्ला अदालतमा, र

(ख) खण्ड (ग), (घ) र (ङ) बमोजिम मन्त्रालयले गरेको सजायउपर सम्बन्धित उच्च अदालतमा।

४२. **अनुसन्धान आचारसंहिता उल्लङ्घनको छानबिन सम्बन्धी विशेष व्यवस्था :** (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान आचारसंहिता उल्लङ्घन (मिसकन्डक्ट) को सम्बन्धमा केन्द्रमा कुनै उजुरी प्राप्त भएमा सो सम्बन्धमा केन्द्रले गोप्य, समयबद्ध र प्राकृतिक न्यायको सिद्धान्तअनुरूप छानबिन गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको छानबिनको क्रममा आरोपितलाई सफाइको मौका दिनुपर्नेछ।

(३) छानबिनको क्रममा आचारसंहिता उल्लङ्घन गरेको पुष्टि भएमा केन्द्रले अनुसन्धान नतिजा फिर्ता लिन वा सच्याउन लगाउने, अनुदान प्राप्त संस्थाको अनुदान फिर्ता लिने तथा संस्थागत सुधारका लागि निर्देशन दिन सक्नेछ।

४३. **प्रचलित कानूनबमोजिम हुने** : यस अध्यादेश बमोजिम कसुर ठहरिने कुनै काम कारबाही अन्य प्रचलित कानूनअन्तर्गत पनि कसुर ठहरिने रहेछ भने त्यस्तो कसुर बापत कानूनबमोजिम सजाय गर्न यस अध्यादेशले बाधा पुऱ्याएको मानिनेछैन।

## परिच्छेद-१३

## विविध

४४. **तथ्याङ्क सङ्कलन** : (१) केन्द्रले विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी नियमित तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरी अद्यावधिक गर्नेछ।

(२) केन्द्रले उपदफा (१) बमोजिम सङ्कलित र अद्यावधिक तथ्याङ्क मन्त्रालयलाई नियमित उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको तथ्याङ्क सङ्कलन कार्यमा सहयोग गर्नु नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका निकाय, प्राज्ञिक निकाय, विश्वविद्यालय, सार्वजनिक तथा निजी अनुसन्धान संस्था, अन्य संस्था तथा औद्योगिक प्रतिष्ठान सम्बन्धित सबैको कर्तव्य हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५. **स्वार्थको द्वन्द्व र पारदर्शिता** : (१) आफ्नो स्वार्थ बाझिने विषयमा कुनै पनि व्यक्तिले मन्त्रालय, समिति र केन्द्र तथा कोषको निर्णय प्रक्रियामा संलग्न हुन पाइनेछैन। आफ्नो स्वार्थ बाझिने विषयमा सम्बन्धित स्वयंले अग्रिम जानकारी दिई निर्णय प्रकृयाबाट अलग्गिनु पर्नेछ।

(२) केन्द्रले बैठकका निर्णय, अनुदान आह्वान, मूल्याङ्कन, मापदण्ड, सफल अनुदानग्राही, रकम, परियोजनाको शीर्षक र अन्तिम प्रतिवेदनको सारांश विद्युतीय माध्यमबाट प्रकाशन गर्नेछ।

तर राष्ट्रिय सुरक्षा, वैध व्यापारिक गोपनीयता वा व्यक्तिगत गोपनीयता सम्बन्धी सूचना प्रचलित कानूनबमोजिम सुरक्षित रहनेछ।

४६. **पुरस्कार सम्बन्धी व्यवस्था** : (१) केन्द्रले विज्ञान र प्रविधि विकास, प्रतिष्ठान, सम्बद्ध संस्था तथा विज्ञान-प्रविधिको क्षेत्रमा नतिजामूलक तथा परिणाममुखी खोज, अनुसन्धान तथा आविष्कार गर्ने अनुसन्धानकर्ता, प्राविधिज्ञ, इन्जिनियर, विज्ञ तथा संस्थालाई पुरस्कार प्रदान गर्न मन्त्रालयसमक्ष सिफारिस गर्न सक्नेछ।

(२) पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४७. **असल नियतपूर्वक गरिएको कार्यको बचाउ** : (१) यस अध्यादेश वा यस अध्यादेशअन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका र स्वीकृत मापदण्डबमोजिम असल नियतपूर्वक गरिएको कुनै पनि कार्यको सम्बन्धमा वा स्वीकृत वैज्ञानिक विधि, निर्धारित कार्ययोजना तथा प्रचलित वित्तीय तथा प्रशासनिक प्रक्रिया पालना गरी अनुसन्धान तथा नवप्रवर्तन कार्य सञ्चालन गर्दा अपेक्षित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिणाम प्राप्त नभएको आधारमा सम्बन्धित वा संलग्न पदाधिकारी, कर्मचारी, वैज्ञानिक, प्रविधिज्ञ, अनुसन्धानकर्ता र विशेषज्ञ तथा संस्थालाई जिम्मेवार ठहऱ्याइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचार, जालसाजी वा नैतिक पतन देखिने कसुर गर्ने नियतले प्रचलित कानूनको जानीजानी उल्लङ्घन गरेको प्रमाणित भएमा उपदफा (१) बमोजिमको बचाउ हुनेछैन।

४८. **यसै अध्यादेशबमोजिम हुने** : यस अध्यादेशमा लेखिएको विषयमा यस अध्यादेशबमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

४९. **नियम बनाउनसक्ने** : नेपाल सरकारले यस अध्यादेशको कार्यान्वयन गर्नको लागि आवश्यक नियम बनाउन सक्नेछ।

५०. **कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउनसक्ने** : (१) केन्द्रले यो अध्यादेश वा यस अध्यादेशअन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यकता अनुसार कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि, निर्देशिका वा मापदण्ड केन्द्रले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

प्रमाणीकरण मिति : २०८३।०६।३०

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.३५।–
गो.द्द.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।